नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
( अनुमतिपत्र महाशाखा )

४५३४११९
४५११५३७
फोन नं.: ४५१९५०१
४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानो गौचरण, काठमाडौं,

पत्र संख्या :- ०८२/८३
चलानी नं.:- ९६२५

मिति: २०८२/१२/१०

**विषय:** विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा ।

श्री छयुबार स्योङ् इनर्जी डेभलपमेन्ट प्रा. लि.
काठमाडौं, नेपाल ।
फोन नं. ९८५११४४९७८

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित छयुबार स्योङ् जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको लागि पेश भएको दरखास्तमाथि कारवाही हुँदा तपसिल बमोजिमको कागजात/विवरणहरु विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संशोधन) को दफा १० को उपदफा (३) को व्यवस्था बमोजिम **पन्ध्र (१५)** दिनको थप समयावधि भित्र विभाग समक्ष पेश गर्नुहुन विभागको मिति २०८२/१२/१०को निर्णयानुसार जानकारी गराइन्छ ।

१. आमाछोदिङमो गाउपालिका, वडा नं. ०५का स्थानीय बासिन्दाहरु मध्यबाट प्राप्त संलग्न उजुरी (व्यक्तिगत नाम छोपिएको) तथा आमाछोदिङमो गाउँपालिकाबाट समन्वय नभएको भनी दर्ता प्रक्रिया कार्यन्वयन तत्काल रोक्का गर्न पेश भएको पत्रको बारे लिखित जवाफ ।
२. प्रवर्द्धक कम्पनी श्री छयुबार स्योङ् इनर्जी डेभलपमेन्ट प्रा. लि. को दर्ताको प्रमाण पत्र, प्रबन्धपत्र, नियम(ावली, प्यान दर्ता प्रमाणपत्रहरुको नोटराइज प्रतिलिपि ।
३. प्रवर्द्धक कम्पनीको शेयर दर्ता किताबको नोटराइज प्रतिलिपि ।
४. प्रवर्द्धक कम्पनीको आ.व. २०८१/८२को कर चुक्ता प्रमाण पत्रको नोटराइज प्रतिलिपि ।
५. प्रवर्द्धक कम्पनीको अध्यावधिक सम्बन्धी कम्पनी रजिष्ट्रारको कार्यालयबाट जारी पत्रको नोटराइज प्रतिलिपि ।
६. प्रवर्द्धक कम्पनीको कम्तिमा अघिल्लो दुई आर्थिक वर्ष मध्ये एक आर्थिक वर्षको लेखा परीषण गरिएको वित्तीय विवरणको नोटराइज प्रतिलिपि ।
७. प्रवर्द्धकको तर्फबाट सम्पर्क वा पत्राचार गर्न तोकिएको आधिकारीक व्यक्तिको विवरण (यस सम्बन्धमा सञ्चालक समितिको निर्णय), पत्राचार गर्ने स्पष्ट ठेगाना, सम्पर्क टेलिफोन नम्बर (कार्यालय र निवास) ।
८. विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५को दफा ८ बमोजिमको आर्थिक हैसियत पुष्टी हुने गरि विभागबाट तोकिएको ढाँचामा प्रवर्द्धक कम्पनीको UDIN no समेत खुलेको नेट वर्थ प्रमाण र सो लाई पुष्टि हुने कागजात विवरणहरु ।
९. नेट वर्थ तयार गर्ने सिए संस्थाहरुको अध्यावधिक कर चुक्ता प्रमाणपत्र, दर्ता सम्बन्धी कागजात तथा नवीकरण भएको निस्साको नोटराइज गरिएको प्रतिलिपि ।
१०. परामर्श दातृ संस्थाको संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, कम्पनीको प्रबन्धपत्र, नियमावली तथा २०८१/८२को कर चुक्ता प्रमाणपत्रको नोटराईज प्रतिलिपि ।
११. परामर्श दातृ संस्था सँग भएको सम्झौता पत्र (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धक संस्थाको छाप र आधिकारिक व्यक्तिको दरखास्त सहितको ) ।

(डा. आस्था भट्ट)
इन्जिनियर